मिति २०८३-०२-२४

# रुद्र-गौरी श्री-अम्बिका ओली प्रतिष्ठान (RUGSAOF) भद्रपुर -७ झापा

## प्रेस विज्ञप्ति

**श्रद्धेय पत्रकार बन्धुज्यूहरु,**

**समाज, समुदायमा भएका उल्लेख्य र अनुकरणीय अभ्यास, प्रयास र योगदानलाई सम्मान र पुरस्कारको माध्यमबाट उत्साहित र प्रेरित गर्दै सामूहिक तथा सहयोगात्मक संस्कार भएको समुन्नत समाज निर्माण गर्ने दीर्घकालीन सोचलाई आत्मसात गर्दै श्रद्धेय स्व. श्री श्रीप्रसाद ओलीज्यूले एक करोड रुपैयाको अक्षयकोषबाट २०६७ सालमा झापामा स्थापित यस रुद्र-गौरी श्री-अम्बिका ओली प्रतिष्ठानले स्थापना कालदेखि नै विभिन्न विद्यालय र स्थानीय संधसस्थाहरुलाई आर्थिक तथा भौतिक स्रोतसाधनहरुको उपलव्ध गराई सामाजिक सेवा गदै आएको छ ।**

**सामाजिक सेवा बाहेक यस प्रतिष्ठानको विशिष्ट पहिचान भनेको संस्थाबाट प्रदान गर्दै आएको सम्मान तथा पुरस्कार हुन् । प्रतिष्ठानले ''रूद्रप्रसाद ओली स्मृति राष्ट्रिय कृषि पुरस्कार'', ''गौरादेवी स्मृति राष्ट्रिय आदर्श आमा पुरस्कार'', ''अम्बिकादेवी ओली स्मृति पत्रकारिता तथा साहित्य पुरस्कार'' तथा ''देवी ओली स्मृति बाल पुरस्कार''को शिर्षकमा विधागत पक्ष र क्षेत्रमा उल्लेख्य र अनुकरणीय कार्यगरी समाजलाई उन्नत बनाउन गरेका असल अभ्यासमा संलग्न व्यक्ति एवं संस्थालाई हौसला, प्रेरणा प्रदान गर्न हरेक वर्ष एकल वा संयुक्त रुपमा रु. १,०१,१११ (एकलाख एक हजार एकसय एघार रुपैया) राशीका सम्मान एवं पुरस्कार प्रदान गर्दै आएको छ ।**

**यसै कडीलाई जोड्दै वि.स.२०७८ देखि प्रतिष्ठानले राष्ट्रिय अन्तर्राष्ट्रिय जगतमा नेपाल र नेपालीको प्रतिष्ठा बढाउन योगदान गरेका व्यक्ति वा संस्थाहरूको कार्यलाई समेत कदर गर्ने उद्देश्यका साथ प्रत्येक दुई वर्षमा एकल वा संयुक्त रुपमा रु. ५,००,००० (पाँच लाख रुपैया) राशीको ''श्रीप्रसाद ओली स्मृति राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रज्ञान पुरस्कार'' पनि प्रदान गर्न आरम्भ गरेको छ ।**

**प्रतिष्ठानले हालसम्म श्रीप्रसाद ओली स्मृति राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रज्ञान पुरस्कारबाट २ जना, रुद्रप्रसाद ओली स्मृति राष्ट्रिय कृषि पुरस्कारबाट ११ जना, गौरादेवी ओली स्मृति राष्ट्रिय आदर्श आमा पुरस्कारबाट १० जना, अम्बिकादेवी ओली स्मृति राष्ट्रिय साहित्य तथा पत्रकारिता पुरस्कारबाट १० जना तथा देवी ओली स्मृति राष्ट्रिय बाल पुरस्कारबाट ११ जनालाई कदर गर्ने अवसर प्राप्त गरीसकेको छ ।**

**यसै क्रममा वि.स.२०८२ (सन २०२५)का लागि ''श्रीप्रसाद ओली स्मृति राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रज्ञान पुरस्कार'' तथा ''रूद्रप्रसाद ओली स्मृति राष्ट्रिय कृषि पुरस्कार'' बाट मिति २०८३ जेष्ठ ३० गते सम्माननिय पूर्व मन्त्रीपरिषद् अध्यक्ष तथा प्रधानन्यायधीश श्री खिलराज रेग्मीज्यूको प्रमुख आतिथ्यमा देहायका व्यक्ति तथा संस्थाहरुलाई संयुक्तरुपमा एक समारोहका बीच पुरस्कार समर्पण तथा सम्मान गर्ने कार्यक्रम रहेको व्यहोरा यस विज्ञप्तिमार्फत जानकारी गराउन पाउदा हर्ष लागेको छ।**

*१. "श्रीप्रसाद ओली स्मृति राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रज्ञान पुरस्कार" राशी रु ५,००,०००/(रुपैया पाँच लाख)*

**क. आफ्नो जीवनको ५० वर्ष नेपालमा गुणस्तरीय प्राविधिक, व्यवसायिक तथा उच्च शिक्षाको उन्नयन, विकास तथा प्रयोगमा शिक्षक, प्रशासक, नीति निर्माता एवं पथप्रदर्शकका भूमिकामा समर्पित भएर पुऱ्याउनु भएको योगदानको कदरस्वरुप अग्रणी व्यक्तित्व प्राध्यापक *डा. श्री सुरेशराज शर्मा* तथा**

**ख. राष्ट्रको दिगो विकासमा देश सुहाउदो नवप्रवर्तनको संस्कृति विकासका लागि युवा वैज्ञानिक तथा नवप्रवर्तकलाई अभिप्रेरित गर्न साझामञ्चको रुपमा राष्ट्रिय अनुसन्धान केन्द्रको स्थापनागरी आरम्भ गरेको अभियानलाई प्रोत्साहित गर्दै देश सुहाउदो प्रविधि विकासको अवसर सिर्जना गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ स्थापित तथा परिचालित *राष्ट्रिय आविष्कार केन्द्र*लाई संयुक्तरुपमा यो पुरस्कारबाट सम्मानित गर्ने निर्णय गरिएको छ।**

२. *"रूद्रप्रसाद ओली स्मृति राष्ट्रिय कृषि पुरस्कार" राशी रु. १,०१,१११ (एकलाख एक हजार एकसय एघार रुपैया)*

**क. नेपालमा पहिलो पटक उच्च घनत्वको स्याउ उत्पादनमा अग्रणी कृषकको भूमिका निर्वाह गर्दै स्थानीय उत्पादन अभिवृद्धि, ग्रामीण रोजगारी प्रवर्द्धन, आयात प्रतिस्थापन तथा जलवायु परिर्वतनको प्रभाव न्यूनीकरण गरी वातावरण सन्तुलनमा योगदानका लागि *एग्रो मनाङ प्रा.लि.* तथा**

**ख. वागवानी क्षेत्रमा अध्ययन अनुसन्धान गरी मुलुकको भौगोलिक अवस्थिति र हावापानी सुहाउदो फलफूल तथा सोका लागि जनशक्ति विकासमा पुऱ्याएको योगदानका लागि *कृषि विज्ञ श्री चुटराज गुरुङ*लाई संयुक्तरुपमा यो पुरस्कारबाट सम्मानित गर्ने निर्णय गरिएको छ।**

**सम्मानित व्यक्तित्वहरुले राष्ट्र र समाजमा पुऱ्याएको प्रमुख योगदानको विस्तृत विवरण यसै साथ संलग्न गरिएको छ। पर्यटन बोर्ड, भृकुटीमण्डपमा जेठ ३०, २०८३ मा दिउसो १.०० बजे हुने उक्त सम्मान कार्यक्रममा सहभागिताका लागि यहाँहरुलाई हार्दिक आमन्त्रण गर्दछु।**


**गंगाप्रसाद ओली**
**अध्यक्ष**
**रुद्र- गौरी श्री -अम्बिका ओली प्रतिष्ठान भद्रपुर -७ झापा**
**वेबसाईटः** www.rugsaof.org.np **इमेलः** rugsaof@gmail.com

# वि.स. २०८२ का सम्मानित हुनुहुने व्यक्तित्वहरुको संक्षिप्त परिचय

प्रतिष्ठानले गठन गरेको पुरस्कार छनौट सिफारिस समितिको सिफासिका आधारमा प्रतिष्ठानले ई.स. २०२५ का लागि श्रीप्रसाद ओली स्मृति राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रज्ञान पुरस्कार तथा रुद्रप्रसाद ओली स्मृति राष्ट्रिय पुरस्कारबाट व्यक्तिगत र संस्थागतगरी देहायका व्यक्तित्वहरुलाई संयुक्तरुपमा सम्मानित गर्ने निर्णय गरेकोछ ।

## १. श्रीप्रसाद ओली स्मृति राष्ट्रिय /अन्तर्राष्ट्रिय प्रज्ञान पुरस्कार

क) प्राध्यापक.डा.श्री सुरेशराज शर्मा



नेपालमा उच्च शिक्षा सुधारका एक अग्रणी व्यक्तित्व तथा शिक्षाविद्का पर्यायी प्राध्यापक डा. सुरेशराज शर्माको जन्म ई.स.२२ जुलाई १९४०मा सिन्धुलीमा भएको थियो । लण्डन साउथ बैंक विश्वविद्यालयबाट रसायन शास्त्रमा विद्यावारिधि गर्नुभएका प्रा.डा. शर्माले एक विशिष्ट विश्वविद्यालय निर्माणमा योगदान पुऱ्याएबापत सन २०१४ मा नर्वेजियन युनिभर्सिटी अफ साइन्स एण्ड टेक्नोलोजी (एन टि एन यु) बाट मानार्थ विद्यावारिधिको उपाधि पनि प्राप्त गर्नुभएको छ। यसकासाथै प्राविधिक शिक्षा र आईसिटि पुऱ्याएको नेतृत्वदायी योगदानको लागि उहाँलाई पायोनियर आईसिटि पुरस्कार २०२४ बाट सम्मानित गरिएको छ ।

उहाँ काठमाडौं विश्वविद्यालय (केयू) का संस्थापक उपकुलपति, काठमाडौं विश्वविद्यालय स्कूल अफ ल का योजना सल्लाहकार समितिका संयोजक, गण्डकी विश्वविद्यालयका बोर्ड अफ ट्रस्टी साथै काठमाडौं विश्वविद्यालयको बोर्ड अफ ट्रस्टीका आजीवन सदस्य हुनुहुन्छ ।

नेपालको पहिलो र एकमात्र विश्वविद्यालय (त्रिभुवन विश्वविद्यालय) कार्यरत रहदा ताकानै उच्च शिक्षामा गुणात्मक सुधारगरी आधुनिक शिक्षा प्रणालीको जग बसाउन देखेको सपनालाई तथा प्रयासलाई काठमाण्डौ विश्वविद्यालयको २१ वर्षको नेतृत्व कालमा, साकार पार्नु भएको छ । गुणस्तरीय शिक्षा सेवा प्रवाहको लागि गर्नुपर्ने सुधार र विकासमा प्राध्यापक शर्मा, समर्पित भएर आफ्नो जीवनको आधा अर्पण गर्नु भएको छ ।

प्रा.डा. शर्मा नेपालमा उच्च शिक्षामा कम्प्युटर इन्जिनियरिङ तथा अन्य प्राविधिक पाठ्यक्रमहरू समावेशगरी सूचना प्रविधिको अध्ययन प्रारम्भ गराउने पहिलो शिक्षाविद् हुनुहुन्छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा स्थापना गर्नमा महत्वपूर्ण भूमिका खेल्नुभएका प्राध्यापक डा. शर्माले सीटीईभीटीको पहिलो कार्यकारी निर्देशकका रूपमा उल्लेखनीय काम गरेको इतिहाँस छ । शिक्षालाई आधुनिकीकरणगर्ने सन्दर्भमा १०+१ तालिम संस्थाहरू स्थापना गर्ने र भ्याली कलेजलाई काठमाडौं विश्वविद्यालयमा रूपान्तरण गर्ने जस्ता कामहरूले निश्चयनै नेपालको शिक्षा क्षेत्रमा एक युगान्तकारी योगदान भएको बिषय निर्विवाद रहेको छ ।

विश्वविद्यालयलाई अध्ययन, अनुसन्धानको प्राज्ञिक तथा व्यवहारिक थलोको रुपमा स्थापितगरी उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादनमा मात्र नभई मुलुकलाई आवश्यक परेका क्षेत्रमा गम्भिर अध्ययनहरु गरी गराई राष्ट्रको दिगो विकासमा उल्लेख्य योगदान पुऱ्याउनु भएको छ ।

उहाँले पुऱ्याउनु भएको केही उल्लेख्य कार्यहरु देहाय बमोजिम रहेका छन् ।

गुणस्तरी प्रविधि शिक्षाको विकासः काठमाडौं विश्वविद्यालयको संस्थापक उपकुलपति १९९१-२०१२)को हैसियतमा गर्नु भएको नेतृत्वको परिणामस्वरुप काठमाण्डौ विश्वविद्यालयले नेपालमा फार्मेसी, वातावरणीय

विज्ञान, जैव प्रविधि, चिकित्सा, मेकानिकल इन्जिनियरिङ र कम्प्युटर इन्जिनियरिङमा अग्रणी कार्यक्रमहरू आरम्भ भयो ।

नीति र शैक्षिक नेतृत्वः उनले राष्ट्रिय शिक्षा समितिको सदस्य सचिव, युनेस्कोको राष्ट्रिय आयोगको सदस्य र विज्ञान तथा प्रविधि सम्बन्धी सार्क प्राविधिक समितिको राष्ट्रिय प्रतिनिधिको रूपमा काम गर्नुभएको थियो ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्थापनाः सन १९८९ देखि १९९२ सम्म प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिईभिटि) को पहिलो कार्यकारी निर्देशकको जिम्मेवारीमा रहेर देशमा प्राविधिक तथा व्यावसायिक शिक्षाको आधारशिला तयार गर्नुभयो ।

व्यावहारिक प्राविधिक शिक्षाको प्रवर्द्धनः उहाँले “७० प्रतिशत व्यावहारिक सीप सिकाइ र ३० प्रतिशत सिद्धान्त“ दृष्टिकोणको समर्थन गर्नाले कृषि, अटो-मेकानिक्स र स्वास्थ्य जस्ता क्षेत्रहरूको कार्यशाला र तालिमको विकासलाई प्रोत्साहित गऱ्यो ।

ख) राष्ट्रिय आविष्कार केन्द्र, काठमाण्डौं

उच्च शिक्षाको अध्ययन पश्चात म्याग्दीको दुर्गम गाँउमा जन्मे हुर्केका डा. महावीर पुनले बाल्यकालमा भोगेको आर्थिक अभाव तथा विद्यालयको अध्ययन अध्यापनमा सुधारगरी भावी पुस्तालाई निश्चिन्तभएर शिक्षा आर्जनको अवस्थाको सिर्जना गर्ने हुटहुटीले आफ्नै गाँउधरबाट आरम्भ गरेको सुधारका प्रयासको विस्तार जिल्ला र वरीपरिका क्षेत्रसम्म फैल्याउदै जादा पनि दीगो उपलब्धी हासिल हुन सकेन । यसै क्रममा अभियानका दौरान सिकेका पाठ, अनुभव र अनुभूतिबाट देशको समग्र परिपाटीमा सुधार नआउदासम्म पटके रुपमा सञ्चालन गरिने परियोजनाहरुले दिने भन्ने ठानिएका प्रतिफलहरुपको परिणाम अल्पकालिन र अपुगहुने निष्कर्षमा पुग्नु भयो । यसका लागि दैनिकरुपमा हुने युवाहरुको विदेश पलायन र आयातमूखि अर्थतन्त्रमा सुधार ल्याउन आर्जित शिक्षा, ज्ञान र सीपलाई जीवन उपयोगी बनाउन आवश्यक छ । अन्यथा उच्च शिक्षा हासिल गरेका जनशक्ति स्वयं, देश विकासका संम्वाहक भन्दापनि बोझबन्नसक्ने सम्भावना बढ्नसक्छ ।

देशको दीगो विकासगरी आम मानिसको जीवनमा सहजता ल्याउन कसरी किताबबाट आर्जन गरिएका सैद्धान्तिक ज्ञानलाई धरातलिय आवश्यकता अनुरुप प्रयोग, उपयोग र उपभोग गर्ने भन्नेसम्बन्धमा शुभेच्छुकहरुसँगको निरन्तरको अन्तरकृया, छलफल साथै दशकौदेखि गुणस्तरीय शिक्षाको उज्यालो छर्दै आएका विकसित भनिएका देशहरुको अनुभवको विश्लेषण पछि ‘‘राष्ट्रिय आविष्कार केन्द्र’’ को जन्म हुन पुगेको हो ।

प्रविधि, अनुसन्धान र नवप्रवर्द्धनको माध्यमबाट सैद्धान्तिकरुपमा प्राप्त ज्ञानको व्यवहारिक रुपान्तरणगरी देशमा नै रोजगारी, उद्यमशीलता र लगानी प्रवर्द्धनसहित आर्थिक विकासमा योगदानगरी राष्ट्रको दिगो समुन्नतिमा टेवा पुऱ्याउने सझामञ्चको रुपमा काम गर्नेगरी अभियन्ता डा. महाबीर पुनलगायत अन्य शुभेच्छकहरुसमेतको अग्रसरतामा विधिवतरुपमा ९ नोभेम्वर, २०१२ (२०७० कात्तिक) मा कम्पनी ऐन, २०६३ बमोजिम गैरनाफामूलक संस्थाका रुपमा यसको जन्म भएको हो ।

औपचारिक दर्ताको करिब सात वर्ष पछिमात्र केन्द्रका लागि आवश्यक केही आधारभूत भौतिक पूर्वाधारहरुको जोहोगरी १८ अक्टोवर २०१९ का दिन त्रिभुवन विश्वविद्यालय परिसरमा आफ्नै

प्रयोगशालाको निर्माणगरी नवप्रवर्तकहरुको साझामञ्चको रुपमा यसले अनुसन्धान र नवप्रवर्द्धनको कार्य आरम्भ गरेको थियो ।

## २) रुद्रप्रसाद ओली स्मृति राष्ट्रिय कृषि पुरस्कार



### क) बरिष्ठ बागवानी विज्ञ श्री चुटराज गुरुङ

चितवनको भरतपुर महानगरपालिका-१९ मा स्थायी बसोबास भएका श्री चुटराज गुरुङको जन्म २०११ साल भदौ ७ गते हालको गण्डकी प्रदेश अन्तर्गत गोर्खा जिल्लाको अजीरकोट गाँउ पालिका, बुधसिहमा जन्मनु भएको हो । रामपुर स्थित कृषि तथा पशुविज्ञान संस्थानबाट कृषि विषयमा स्नातकगर्नु भएका श्री गुरुङले नेपाल सरकारको मनोनयनमा फिलिपिन्सको ब्याङ्गेट स्टेट विश्वविद्यालयबाट बागवानी विषयमा विशेषज्ञता हासिल गर्दै कृषि विज्ञानको बागवानी विषयमा स्नातोकोत्तर डिग्रि हासिल गर्नु भएको छ ।

वि.स. २०३७ देखि नेपाल सरकारको सेवामा प्रवेशगरेपछि कृषि विभाग अन्तर्गतका जनकपुर, मकवानपुरको दामन, किर्तिपुर, मुस्ताङको मार्फाका वागवानी केन्द्र तथा कार्यालयहरुमा विभिन्न जिम्मेवारीमा रही कार्यसम्पादन गर्दै वि.स. २०६९मा सेवानिवृत भईसक्नु भएको छ ।

जिम्मेवारी निर्वाहको क्रममा वहाँले आँप लिचि केरा, स्याउ, आलु बीउ विकास जस्ता फलफूल बालीहरुको नर्सरी तथा बगैचा स्थापनामा विशेष योगदान पुऱ्याउनुका साथै नेपालमा फलफूल विकासका क्षेत्रमा आवश्यक राष्ट्रिय नीति, रणिनिति तथा कार्यक्रम संचालानार्थ आवश्यक कार्यविधिहरुको निर्माण तथा फलफूल विज्ञकारुपमा स्रोत व्यक्तिको भूमिकामा सक्रिय रहनु भयो ।

मुस्ताङ फार्ममा कार्यरत हुँदा स्याउको नर्सरी विकास, कलमी विरुवा उत्पादन तथा विस्तारमा विशेष योगदान गर्नु भयो । मुस्ताङका विभिन्न पकेटहरु लगायत मनाङ, जुम्ला, डोल्पा, म्याग्दी जिल्लामा बाह्यसेवा कार्यक्रम मार्फत स्याउ खेती विस्तारमा विशेष योगदान पुर्याउनु भएको थियो ।

यहि बिचमा एक वर्ष हिकाष्ट कलेजमा प्राध्यापकको जिम्मेवारीसमेत पुरागर्नु भएका उहाँ नेपाल सरकारको सरकारी सेवाबाट अवकास पश्चात पनि कृषिको माध्यमबाट राष्ट्र विकासमा सकृयरहदै आउनुभएको छ । यस प्रयोजनका लागि उच्च हिमाली क्षेत्रमा त्यतिकै खेरगईरहेको भूमीको उपयुक्त उपयोग र उपभोगगरी रोजगारी अभिवृद्धिगरी  मुलुकको आर्थिक विकासमा टेवापुऱ्याउन तथा पर्यावरणको उचित र दिगो संरक्षणमा योगदान गर्नमा तल्लिन रहदै आउनु भएको छ । यसैक्रममा नेपालमा उच्च घनत्व स्याउखेती प्रविधिको विस्तारमा आधुनिकता अभिवृद्धि गर्न भारत लगायत यूरोपका स्याउ उत्पादन क्षेत्रहरुको अध्ययन अवलोकनभ्रमणगरी नेपालमा यसको विकास र विस्तारमा वहाँले पुऱ्याएको योगदान उल्लेख मानिन्छ । मनाङलगायत स्याउ उत्पादन हुने पकेटहरु सोलुखुम्बु, रसुवा, बाजुरा, जुम्ला गुठिचौर आदि क्षेत्रहरुमा हाल सञ्चालनमा रहेका देशको हावापानी सुहाउदो फुजी, गाला तथा गोल्डेन डेलिसियस जातका उच्च घनत्व स्याउ बगैचाहरुको विकास र विकासमा उहाँले महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको छ । यसका लागि २००० भन्दा बढि कृषक तथा प्राविधिकहरुलाई ब्यवहारिक तालिम दिने कार्य सम्पन्नगर्नु भएको छ । यसबाट देशमा स्याउको पकेट क्षेत्रको विकासहुनुका साथै कृषकहरुको आम्दानीमा बृध्दि तथा स्थानीय तहमा रोजगारीको विकास हुदै जान थालेको छ । स्याउको उत्पादनसँगै बजार अयोग्य स्याउको उपयोगगरी उप-उत्पादनका विभिन्न प्रशोधन केन्द्रहरुको स्थापनागरी कृषि उद्योगहरुको स्थापनगर्नसमेत सहयोग गर्नु भएको छ ।

यसरी करिव ३५ वर्ष नेपालको बागवानी उप-क्षेत्रको अनुसंधान तथा विकासमा अनवरत सेवागर्नुभएका वहाँले बागवानी बाली सम्बन्धमा विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय तालिम, सेमिनारमा सहभागि हुदै नेपालको प्रतिनिधित्व गर्नुका साथै वहाँले लेखेका विभिन्न बुकलेट, लेख, रचनाहरु प्रकाशन भएका छन् ।

यी फार्महरु मार्फत आउने उत्पादनले देशमा स्याउको आयात प्रतिस्थापनामा सहयोग पुग्नुका साथै आउदा दिनहरुमा विदेशी मुद्रा आर्जनको दरिलो आधारबन्ने आशागर्न सकिन्छ ।

ख) एग्रो मनाङ प्रा.लि.

विषम भौगालिक जटिलता र हावापानी भएको हिमालपारीको गाँउठाँउमा गरिने परम्परागत कृषि प्रणालीले त्यसमा संलग्न परिवारको मेहनतना नउठ्दा जीविकोपार्जन पनि असहजभईरहेको परिवेशमा उपलव्ध स्रोतसाधनको अधिकतम उपयोगगरी भौगोलिकस्थिति सुहाउदो कृषि प्रणाली
अवलम्बनगरी उत्पादन र उत्पादकत्व अभिवृद्धिगरी आर्थिक उपार्जनलिन थालिएको प्रयासको उपज हो, एग्रो मनाङ प्रा.लि. । हिमालपारीको जिल्लाको नामले परिचित मनाङ जस्तो अति दुर्गम जिल्लामा वि सं २०६९ साल जेठ २३ गते कम्पनीका रुपमा दर्ता भएको यस संस्थाले नेपालमा पहिलोपटक ठूलो क्षेत्रफलमा उच्च घनत्व बगैचा स्थापना प्रविधि भित्राएको थियो । आठ जना उत्साही व्यवसायीले ९ करोड ५५ लाखको सुरुवाती लागतमा सुरुगरेको व्यवसायले देशका अन्य कैयन कृषकलागि उत्साह र प्रेरणाको द्योतक बन्दैगएको छ । मनाङ सेवा समितिको ७३५ रोपनी जग्गा भाडामा ङिस्याङ गाउँ पालिका वडा नं. १ भ्राताङमा करीव ४०० रोपनी क्षेत्रफल थालनी गरिएको आधुनिक व्यवसायिक स्याउ खेतीलाई स्याउ प्रशोधन केन्द्र, चिस्यान केन्द्र, स्याउबाट बन्ने अन्य उत्पादनहरुको पूर्वाधार तयारपार्दैलगेकोछ ।
नेपाल सरकार तथा एशियाली विकास बैंकको सहयोगमा हिमाली आयोजनाबाट अनुदान प्राप्तगरी शुरु गरिएको यस कम्पनीले आफ्नै लगानीमा होटल लगायतका पूर्वाधारको विकासगरी एकीकृत स्याउ फार्मको संचालन गरिरहेको छ ।
हाल फर्मबाट विशेषत फुजी, गाला, गोल्डेन जातका ६०० देखि ८०० मे.ट.सम्म स्याउ वार्षिक उत्पादन दिदै आएको छ । फर्म पूर्ण उत्पादनमा आईसके पछिभने वार्षिक करिव १५०० मे. ट. ताजा स्याउ उत्पादन हुने अनुमान गरिएको छ ।
बगैचाबाट उत्पादन भएका स्याउहरुलाई ग्रेडिङगरी विभिन्न बजारमा विक्रि वितरणका लागि पठाईने गरेको छ। ठुलो बजारको रुपमा रहेको काठमाण्डौमा भाटभटेनी स्टोरमार्फत हिमालयन फ्रेसको ब्राण्डबाट बिक्रिहुने व्यवस्था गरिएको छ । कम्पनीले बजार व्यवस्थापनको लागि उत्पादनलाई लामो समयसम्म सुरक्षित राख्ने अभिप्रायले मनाङमा करिव ३ लाख किलो स्याउ अट्ने चिस्यान केन्द्र र काठमाण्डौमा चिसो कोठासहितको बिक्रिकक्षको व्यवस्था गरेको छ । यसरीनै स्थानीय तथा फर्ममा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकलाई फर्मको मुल ढोकाबाटनै विक्रिवितरण गर्ने व्यवस्था मिलाईएको छ ।
ताजा फलफूलबाहेकको विक्रि वितरण बाहेक पनि कम्पनीले स्याउको ग्रेडिङ्गको उपउत्पादनको रुपमा मनाङ भ्याली वाईन  र स्याउको टुक्राबाट ड्राईफ्रुटहरु पनि बजारमा ल्याएको छ ।
कम्पनीको स्थापना पश्चात हाल नियमितरुपमा दैनिक ५० देखि ६० जना गाँउका युवाहरुले रोजगारी पाउनुका साथै मौसम अनुसार कामको मुख्य समय काँटछाँट गर्ने, मलखाद दिने तथा स्याउ टिप्ने काममा दैनिक १०० देखि १५० जनासम्मलाई रोजगारी प्राप्त गर्दै आएका छन ।
कम्पनीको स्थापनाले उत्पादनको सुरक्षिण प्याकेजिङ, ढुवानीलगायतका जोडिएका अन्य व्यवसायहरु पनि फस्टाउदै जानुका साथै पर्यटन प्रबद्धर्नसँग आवद्ध गतिविधिहरुको पनि अभिवृद्धिहुदै जादैछ ।

नयाँ बिरुवा उत्पदन तथा प्रशिक्षणको व्यवस्थासाथै अवलोकन भ्रमणहरुको आयोजनागर्दै कम्पनीले प्रविधि हस्तान्तरणमा लिएको नीतिको परिणामस्वरुप नेपालका विभिन्न जिल्लाहरुमा उच्च घनत्व स्याउ खेतीको विस्तारगर्न युवा कृषकहरुले अग्रसरहुदा हाल मनाङका अन्य गाउँ पालिकाका साथै मुस्ताङ, सोलुखुम्बु, रुकुम, ओखलढुगा, जुम्ला, रसुवा, गोर्खा, बाग्लुङ जिल्लामा पनि यस प्रविधिको विस्तार भै नेपाल स्याउ उत्पादन आत्मनिर्भरतातर्फ उन्मुखहुदै जादैछ । यसबाट स्थानीयस्तरमा दिगो भू-उपयोगमा सहयोग पुग्नभई पर्यावरण सुधारमा पनि सहयोगपुग्नुका साथै स्थानीयस्तरमा ग्रामीण रोजगारीको विकासमा ठूलो योगदान पुग्दै गएको छ । यसबाट जलवायु परिवर्तनको कारण कृषि उत्पादनमा परेको असरलाई सम्बोधनगरी वातावरणको सुधारमा सकारात्मक प्रभाव पुऱ्याउन मद्दत मिलेको छ ।

यस फर्मले प्रस्तुत गरेको उदाहरणले साना किसानलगायत सरोकारवालाहरुलाई समेटेर व्यवसायिक, दिगो र समावेशी कृषिको विकासगरी विदेशी परनिर्भरत कमगर्दै आयत प्रतिस्थापनको माध्यामबाट राष्ट्रलाई समृद्धिको यात्रामा डोऱ्याउन योगदान गर्दै आएको छ ।